नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

जिल्ला विपद् व्यवस्थापन समिति, रसुवा

मितिः२०७८।०८।२१

**निर्णयहरुः**

१. आगामी दिनमा चिसो तथा हिमपातबाट प्रभावित हुन सक्ने नागरिकहरुलाई आगो ताप्ने प्रयोजनार्थ आवश्यक पर्ने लडेपडेका, झिंझा दाउरा संकलन सम्बन्धी व्यवस्थापनको सम्पूर्ण काम लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय र डिभिजन वन कार्यालय, रसुवाले गर्ने।

२. जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाले तयार गरेको संलग्न **"हिमपात पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८"** स्वीकृत गर्ने।

३. यस जिल्लाका आमाछोदिङ्गो गाउँपालिका वडा नं. १ को हाकुवेशी वाहेक, वडा नं. २, वडा नं. ३, वडा नं. ४ को चौहत्तर र स्यो, वडा नं. ५ को ब्राजम, सिम्बु, तातोपानी गोङगाङ, उत्तरगया गाउँपालिका वडा नं. १ को तिरु, गोगने, करुमर्याङ, शिरुचेत, खड्गु, वडा नं. २ को बास्तोला, कालिका गाउँपालिका वडा नं. १, वडा नं. २ को लोकिल र स्याउबारी, ज्याङलाङ प्रा.वि. भन्दा माथि, गोसाईकुण्ड गाउँपालिका वडा नं. १, वडा नं. ३, वडा नं. ४, वडा नं. ५ को ठूलोस्याफ्रु, वडा नं. ६ को नागुन र ठाडे, नौकुण्ड गाउँपालिका वडा नं. १ को आरुखर्क, सिमबन्दी, थाङदोर, बेताङ, साङ्युल र वडा नं. २ का अति विपन्न घर परिवारको विवरण स्थानीय तहको समन्वयमा यथाशीघ्र संकलन गरी उल्लेखित स्थानका विपन्न घर परिवारलाई न्यानो कपडा वितरण गर्ने।

४. जिल्लाभित्र घटेका विपद्जन्य घटनाबाट प्रभावित देहायका व्यक्ति/परिवारलाई विपद्, पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड ,२०७७ बमोजिम जिल्ला प्रशासन कार्यालय, रसुवाबाट प्रदान गरिएको निम्नानुसारको राहत रकम अनुमोदन गर्ने।

| क्र. सं. | मिति | ठेगाना | घरमुलीको नाम/थर | परिवार संख्या | उपलब्ध गराईएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७।९।१५ | आमाछोदिङमो-३ | युङटुङ तामाङ | ५ | १५,०००।- | आगलागी |
| २ | २०७७।९।१५ | आमाछोदिङमो-३ | पासाङ यामो तामाङ | ३ | १५,०००। | आगलागी |
| ३ | २०७७।९।१५ | आमाछोदिङमो-३ | बम बहादुर तामाङ | ५ | १५,०००। | आगलागी |
| ४ | २०७७।१०।१६ | गोसाईकुण्ड-१ | दावा साङवो तामाङ | ८ | १५,०००। | आगलागी |
| ५ | २०७८।०१।१४ | गोसाईकुण्ड-१ | ल्हाक्पा ढिण्डु तामाङ | ५ | १५,०००। | आगलागी |
| ६ | २०७८।०४।२९ | गोसाईकुण्ड-५ | राजु लामा | ८ | २०,०००।- | पहिरो |
| ७ | २०७८।०४।२९ | गोसाईकुण्ड-५ | ल्हाक्पा छोमु तामाङ | ५ | १५,०००।- | पहिरो |
| ८ | २०७८।०५।०२ | नौकुण्ड-५ | बुद्धि बहादुर गलार्न | ५ | २०,०००।- | पहिरो |
| ९ | २०७८।०५।१७ | कालिका-१ | लोप्साङ तामाङ | ५ | १५,०००।- | पहिरो |

प्रमुख जिल्ला अधिकारी

जिल्ला विपद् व्यवस्थापन समिति(DDMC), रसुवाको बैठकबाट मितिः २०७८।०८।२१ गते अनुमोदन गरिएको।

# हिमपात पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १ | हिमपात तथा चिसोबाट सुरक्षित रहन सम्भावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतना मूलक तथा सन्देश मूलक सूचना प्रशारण गर्ने। | - गाउँपालिका (सबै) रसुवा<br>- लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>- डिभिजन वन कार्यालय | - सुरक्षा निकायहरु(सबै)<br>- रेडियो रसुवा<br>- रेडियो लाङटाङ<br>- गै.स.स. | निरन्तर | - | जनचेतना भएको हुने |
| २ | हिमपात, चिसो तथा शितलहर प्रभावित गाउँपालिका(सबै) रसुवामा सञ्चालन गर्ने कार्यक्रमको बारेमा सूचना संकलन गरी विपद् व्यवस्थापन समितिलाई नियमित पूर्व जानकारी गराउने। | - गाउँपालिका(सबै) रसुवा | - सुरक्षा निकायहरु(सबै)<br>- नेपाल रेडक्रस सोसाईटी<br>- नागरिक समाज | निरन्तर | - | नियमित जानकारी भएको हुने |
| ३ | जिल्लास्थित हिमपातबाट प्रभावित हुन सक्ने घरधुरी तथा क्षेत्र गाउँ/टोलका गरिब तथा अति विपन्न घर परिवारको पहिचान गरी परीवारको लगत संकलन गर्ने। | जिल्ला प्रशासन कार्यालय | गाउँपालिका(सबै) रसुवा | मंसिर महिना भित्र | - | लगत संकलन भएको हुने |
| ४ | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र(DEOC)को स्रोतसाधन तथा जनशक्तिको अद्यावधिक गर्ने। | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय(सबै), रसुवा | निरन्तर | - | अद्यावधिक भएको हुने |
| ५ | जिल्ला विपद् व्यवस्थापन कोष अद्यावधिक तथा थप वजेट प्रवन्ध गरी तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय | मंसिर मसान्त | - | कोषमा रकम प्रवन्ध भएको हुने |
| ६ | जिल्ला विपद् गोदाम घरको अनुगमन सामग्री अद्यावधिक गरी नयाँ लगत राख्ने, खोज तथा उद्धारका सामग्रीहरु तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय(सबै), रसुवा | निरन्तर | - | अद्यावधिक भएको हुने |
| ७ | जिल्ला भित्रका पालिकाहरुमा हाल सञ्चालनमा रहेका र सञ्चालन हुन सक्ने हेलिप्याडहरुको GR सहितको लगत अद्यावधिक गर्ने। | श्री विष्णु दल गण, ब्रावल ब्यारेक | - जिल्ला प्रहरी कार्यालय<br>- सशस्त्र प्रहरी बल नेपाल नं. २० गुल्म् हे.क्वा., धुन्चे | - | - | लगत संकलन गरी अद्यावधिक भएको हुने। |
| ८ | स्थानीय स्तरमा विपद् कोष अद्यावधिक गर्ने र उपलब्ध बिपद खोज तथा उद्धार गर्न सक्ने जनशक्तिको रोष्टर बनाई तयारी अवस्थामा राख्ने। | - स्थानीय विपद् व्यवस्थापन समिति | - श्री विष्णु दल गण, ब्राबल ब्यारेक<br>- जिल्ला प्रहरी कार्यालय | मंसिर चौथौ हप्ता | - | कोष अद्यावधिक तथा रोष्टर तयार भएको हुने |
| ९ | जिल्लास्तरमा खोज तथा उद्धार सम्वन्धी तालिम प्राप्त कम्तीमा पनि ५० जना जनशक्ति QRT तयारी अवस्थामा राख्ने। | - श्री विष्णु दल गण, ब्रावल ब्यारेक<br>- श्री जिल्ला प्रहरी कार्यालय | - सम्बन्धित गाँउपालिकाहरु<br>- नेपाल रेडक्रस सोसाईटी | मंसिर चौथौ हप्ता | - | जनशक्ति तयारी अवस्थामा राख्ने |

| क्र. सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| | | - स.प्र.वल नेपाल, नं. २० गुल्म हे.क्वा. | | | | |
| १० | हिमपहिरो खोज तथा उद्धारमा लाग्ने सामग्रीहरु खरीद गरी कम्तीमा १० जना जनशक्ति तयारी अवस्थामा राख्ने (ड्रोन क्यामेरा, Avalanche cord, Mountain Dress, Tampons, Snow Gloves, Snow Goggles', Harness, Ice Axe, Piton Hammer, Folding Shovels, Avalanche Air Bag, Spine Board Stretcher I | - सुरक्षा निकाय(सबै) रसुवा<br>- गाउँपालिका (सबै)<br>- नेपाल रेडक्रस सोसाईटी | - गृह मन्त्रालय | मंसिर मसान्त भित्र | - | तयारी अवस्थामा मौज्दात हुने। |
| ११ | चिसोमा जोखिममा रहेका घरपरिवारका लागि हिमपातको समयावधिमा न्यानो कपडा वितरण गर्ने। | - जिल्ला विपद् व्यवस्थापन समिति<br>**समन्वय**<br>- जिल्ला प्रशासन कार्यालय<br>- गाउँपालिका (सबै)<br>- नेपाल रेडक्रस सोसाईटी | - सुरक्षा निकायहरु<br>- जिल्ला स्थित गैरसरकारी संस्थाहरु | निरन्तर | ५००,०००।- | सामग्री वितरण भएको हुने |
| १२ | जिल्लामा हिमपातको कारण हुन सक्ने सडकहरुको अवरोध तत्काल हटाउने। | डिभिजन सडक नुवाकोट | - सुरक्षा निकाय(सबै) रसुवा<br>- गाउँपालिका (सबै) रसुवा<br>- जलविद्युत आयोजनाहरु(सबै) रसुवा<br>- वडा कार्यालयहरु (सबै) | निरन्तर | - | तत्काल अवरोध हटेको हुने |
| १३ | जाडोका लागि आवश्यक पर्ने काठ दाउरा समयमै उपलब्ध गराउने गरी आवश्यक व्यवस्थापन गर्ने। | -लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>-डिभिजन वन कार्यालय | गाउँपालिका(सबै) रसुवा | निरन्तर | - | व्यवस्थापन भएको हुने |
| १४ | जिल्लास्थित सबै गाउँपालिका अन्तर्गत वडास्तरमा हिमपात/चिसोबाट बच्नको लागि प्रहरी समुदाय साझेदारी कार्यक्रम सञ्चालन गर्ने। | जिल्ला प्रहरी कार्यालय, रसुवा | गाउँपालिका(सबै) रसुवा | निरन्तर | - | कार्यक्रम सञ्चालन भएको हुने |
| १५ | स्वास्थ्यकर्मी तथा औषधीहरु पर्याप्त मात्रामा राख्ने र द्रुत प्रतिकार्य समुह परिचालन गर्नेगरी तयारी अवस्थामा राख्ने | स्वास्थ्य कार्यालय, रसुवा | - रसुवा जिल्ला अस्पताल<br>- प्राथमिक स्वास्थ्य केन्द्र | निरन्तर | - | तयारी अवस्थामा राखिएको हुने |

| क्र. सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| | | | - सबै गाउँपालिकाअन्तर्गतका स्वास्थ्य शाखाहरु | | | |
| १६ | हिमपात, चिसो तथा शीतलहरबाट हुन सक्ने कृषिबाली र पशुपंछीको क्षतिलाई न्यूनीकरण गर्न आवश्यक औषधी उपचार तथा यसबाट बच्ने उपाय सम्बन्धमा सन्देश मूलक सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने। | - गाउँपालिका(सबै) रसुवा<br>- कृषि ज्ञान केन्द्र नुवाकोट,सम्पर्क कार्यालय रसुवा<br>- भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, सम्पर्क कार्यालय रसुवा | - रेडियो रसुवा<br>- रेडियो लाङटाङ | निरन्तर | - | जनचेतना भएको हुने |
| १७ | हिमपात,कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडक र पर्यटन पदमार्गमा सांकेतिक चिन्हहरु तथा सूचना मूलक सन्देशहरु राख्ने। | - लाम्टाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>- डिभिजन वन कार्यालय रसुवा<br>- डिभिजन सडक नुवाकोट | - गाउँपालिका(सबै) रसुवा<br>- जिल्ला ट्राफिक कार्यालय<br>- सामुदायिक वन उपभोक्ता समिति | २०७८ मंसिर मसान्तभित्र | - | सांकेतिक चिन्हहरु व्यवस्था भएको हुने |
| १८ | आपतकालिन अवस्थामा आश्रयस्थलहरु आवश्यक हुने हुँदा हरेक वडामा पर्याप्त मात्रामा आश्रय स्थल पहिचान गर्ने। | - गाउँपालिका(सबै) रसुवा | - सुरक्षा निकाय(सबै) रसुवा<br>- लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>- डिभिजन वन कार्यालय,<br>- नेपाल रेडक्रस सोसाईटी | २०७८ मंसिर मसान्त भित्र | - | आश्रयस्थल पहिचान भएको हुने |
| १९ | विपद्का घटनाहरुको सूचना संकलन गर्ने। | - गाउँपालिका(सबै) रसुवा<br>- सुरक्षा निकाय(DEOC) | - लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>- होटेल व्यावसायी संघ<br>- सञ्चारकर्मी | निरन्तर | - | समयमै सूचना प्राप्त हुने |
| २० | विपद् प्रभावित व्यक्तिहरुको खोज तथा उद्धार | - सुरक्षा निकाय(सबै) रसुवा<br>- नेपाल रेडक्रस सोसाईटी<br>- स्थानीय विपद् व्यवस्थापन समिति | - नागरिक समाज, रसुवा<br>- सञ्चारकर्मी | निरन्तर | - | विपद् प्रभावित व्यक्तिको तत्काल खोज तथा उद्धार हुने |
| २१ | विपद् प्रभावित व्यक्तिहरुको स्वास्थ्य उपचार | - रसुवा अस्पताल<br>- स्थानीयस्तरका स्वास्थ्य संस्था | - नेपाल रेडक्रस सोसाईटी | निरन्तर | - | |